**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसलाका आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | **इम नारायण श्रेष्ठ,श्रवण कुमार मिश्र, नविन दास, मुक्ति नारायण साह, अमर दीप महतो, अमरेन्द्र कुमार मिश्र, कर्मशिल प्रसाद गोप, गुणानन्द प्रसाद साह, उमेश चौधरी , जितेन्द्र कुमार साह, दिपेन्द्र कुमार मिश्र, रमेश कुमार मण्डल, राम उदगार यादव, मन मोहन मिश्र, विशाल पण्डित र** हस्पिटेक इन्टरप्राइजेज प्रा.लि<br><br>**मुद्दा नं.** ०८१-CR-००८१<br><br>**फैसला मितिः २०८२।११।१३** | **गैरकानुनी लाभ हानी पुर्याउने बद्नियतले कार्य गरी गराई भ्रष्टाचार गरेको समेत।** | **आयोगको माग दावी**<br>प्रतिवादीहरु इम नारायण श्रेष्ठ, डा.श्रवण कुमार मिश्र, नबिन दास, मुक्ति नारायण साह, गुणानन्द प्रसाद साह, मन मोहन मिश्र, राम उदगार यादव, जितेन्द्र कुमार साह, दिपेन्द्र कुमार मिश्र, अमरेन्द्र कुमार मिश्र, रमेश कुमार मण्डल, अमरदीप महतो, कर्मशील प्रसाद गोप र उमेश चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ञ) बमोजिमको कसूरमा विगो रू.२१,८९,३९,७६०।- (अक्षेरूपी एक्काइस करोड उनानब्बे लाख उनान्चालिस हजार सात सय साठी मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन र प्रतिवादीहरु मध्येका **इम नारायण श्रेष्ठ र डा.श्रवण कुमार मिश्र**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन एवं प्रतिवादी मध्येका **डा. श्रवण कुमार मिश्र र उमेश चौधरी**को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>प्रतिवादीहरु हस्पिटेक ईन्टरप्राईजेज प्रा.लि तथा उक्त कम्पनीका सञ्चालक विशाल पण्डितलाई **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ञ) बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर मा विगो** २१,८९,३९,७६०।- (अक्षेरूपी एक्काइस करोड उनानब्बे लाख उनान्चालीस हजार सात सय साठी मात्र) कायम गरी मुख्य कसूरदारहरुलाई **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा** (१) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निज प्रतिवादीहरु हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तिनकुने, काठमाडौं तथा उक्त कम्पनीका सञ्चालक विशाल पण्डितलाई मुख्य कसुरदार सरह सजाय गरी विगो असुल उपर हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>विशेष अदालतको फैसला<br>विशेष अदालत, काठमाण्डौंवाट उपरोक्त प्रतिवादीहरु इम नारायण श्रेष्ठ समेतका आरोप पत्रमा प्रतिवादी कायम गरिएका | मधेश प्रदेश सामाजिक विकास मन्त्रालयबाट स्विकृत बजेट तथा प्रकाशित PPHL2/G/NCB/01/2079-80 को बोलपत्र बमोजिम ७२ स्थानीय तहका लागि Fully automatic Hematology Analyzer, Fully automatic Biochemistry Analyzer, Microscope and Reagent and Kit अनुमानित लागत भन्दा कम मुल्यमा खरिद सम्झौता गरी सो सामानहरूको आपूर्ति तथा भुक्तानी भएको देखियो ।<br>खरिद भएका सामानहरुको गुणस्तर स्पेशिफिकेशन बमोजिमकै रहे भएको तथ्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका विशेषज्ञको प्रतिवेदनबाट समेत पुष्टि भएको देखियो।<br>उक्त सामान/उपकरणहरु प्रदेश सरकारबाट पारित बजेट तथा कार्यक्रम बमोजिम खरिद भएको र तत्काल कोभिड महामारीको परिस्थितिमा ३० दिने E-bidding मार्फत खरिद प्रक्रिया अवलम्बन गरेको देखिएको साथै सम्बन्धित स्थानीय तहबाट प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई पठाएको पत्र तथा विवरणमा उक्त खरिद भएका प्रयोगशाला उपकरणहरु प्रयोगमा रही सेवाशुल्क समेत संकलन भैरहेको भन्ने देखिएको परिप्रेक्ष्यमा यी प्रतिवादीहरूले आरोपदावी बमोजिमको कसुर गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिदा उल्लिखित प्रतिवादीहरुले आरोपदावीबाट सफाई पाउने ठहर्छ। | प्रस्तुत मुद्दामा आ.व. २०७९।०८० मा मधेस प्रदेश, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामबाट मधेस प्रदेश स्थित ७२ वटा स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला (निदान केन्द्र) स्थापनाको लागि भएका खरिद सम्झौताहरु मध्ये Contract No: PPHL२/G/NCB/०१/२०७९-८० को ठेक्कामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ को उपदफा (३) समेतका प्रचलित कानून बमोजिम खरिद कार्य गर्नु पुर्व गर्न खोजिएको कामको कुनै पूर्व तयारीका कार्य नगरी नगराई, खरिद प्रयोजनार्थ पूर्व सम्भाव्यता अध्ययन, लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधिसमेतको अध्ययन विश्लेषण नगरी नगराई मधेस प्रदेश, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका खरिद इकाईका अध्यक्ष गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.), सदस्यहरु मनमोहन प्रसाद मिश्र (मे.ल्या.टे., अधिकृत सातौं) र राम उदगार यादव (ल्या.टे.नि., अधिकृत छैठौं) ले गुरुयोजना र पुर्व तयारी बिना खरिद कार्य अगाडि बढाउने कार्य देखि नै भ्रष्टाचारजन्य कसुर गर्ने बदनियतको प्रारम्भ भएको तथ्य निज प्रतिवादीहरु गुणानन्द प्रसाद साह, मनमोहन प्रसाद मिश्र र राम उदगार यादव को कार्यतत्व (Conduct Element) वाट पुष्टि भएको देखिन्छ।<br>उक्त योजनाको लागी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार Nidan Lab for each Municipality (७२ पालिकाको लागि) स्थानिय तहमा जनस्वास्थ्य प्रयोगशाला (निदान केन्द्र)) स्थापनाको लागि आ.व. २०७९/०८० को लागि नियमित बजेट अन्तर्गत रु.३०,००,००,०००।- (अक्षेरूपी तीस करोड) बजेट विनियोजन भएकोमा स्पष्ट आधार, कारण र औचित्यता बिना एउटा कार्यक्रमलाई दुई वटा ठेक्कामा टुक्र्याई चार वटा मात्रै स्वास्थ्य परीक्षण सम्बन्धी उपकरणहरू Fully Automated Hematolgy Analyzer, Fully Automated Biochemistry Analyzer, Microscope र Reagents ठेक्का नं. **PPHL2/G/NCB/01/2079-80** बाट र अन्य सामग्री, सफ्टवेयर, फर्निचरको लागि समेत सोही आ.व.२०७९/८० को ठेक्का नं. Re-PPHL2/G/NCB/02/2079-80 बाट खरिद गरेको देखिन्छ। उक्त ठेक्काको खरिद कार्यका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामको ल्याव अधिकृत कर्मशिल प्रसाद गोप र गुणानन्द प्रसाद साहले लागत अनुमान रू. २२,४४,५१,९००।- (अक्षेरूपी बाइस करोड चौवालिस लाख एकाउन्न हजार नौ सय) तयार गर्ने, लेखा अधिकृत अमरदिप महतोले चेकजाँच गर्ने, वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले निर्देशक डा.श्रवण कुमार मिश्र समक्ष पेस गर्ने र डा.श्रवण कुमार मिश्रले मधेश प्रदेश, सामाजिक विकास मन्त्रालयबाट स्वीकृतीको लागि पेस गर्ने र सो मन्त्रालयका लेखा अधिकृत नविन दास र वरिष्ठ स्वास्थ्य प्रशासक मुक्ति नारायण साहले पेश गरेको राय बमोजिम मधेश प्रदेश, सामाजिक विकास मन्त्रालयका सचिव इम नारायण श्रेष्ठबाट रू. २२,४४,५१,९००।- (अक्षेरूपी बाइस करोड चौवालिस लाख एकाउन्न हजार नौ सय) को लागत अनुमान सदर स्वीकृत गरेको देखिदा विनियोजन भएकोमा बजेटको सिमा तथा परिधि वाहिर गई स्पष्ट आधार, कारण र औचित्यता बिना एउटा कार्यक्रमलाई दुई वटा ठेक्कामा टुक्र्याई चार वटा मात्रै स्वास्थ्य परीक्षण सम्बन्धी उपकरणहरू Fully Automated Hematolgy Analyzer, Fully Automated Biochemistry Analyzer, Microscope र Reagents खरिद प्रक्रिया अगाडी बढाउने गरि लागत अनुमान स्विकृत गर्ने कार्य आफैमा बदनियतपुर्ण देखिदा उक्त कार्यमा सम्लग्न यि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उक्त तथ्य प्रमाणहरुको विवेचना नगरि प्रतिवादीहरु कर्मशिल प्रसाद गोप, गुणानन्द प्रसाद साह, अमरदिप महतो, उमेश चौधरी, नविन दास, मुक्ति नारायण साह, डा.श्रवण कुमार मिश्र र इम नारायण श्रेष्ठलाई आरोप दावीवाट सफाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्पुर्ण प्रतिवादीहरुले आरोप दावीवाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ। | | हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>उक्त ठेक्का नं. **PPHL2/G/NCB/01/2079-80** मा प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामको माइक्रोबायोलोजिष्टहरू (अधिकृत नवौं) जितेन्द्र कुमार साह र अमरेन्द्र कुमार मिश्र, उप प्रमुख मेडिकल टेक्नोलोजिस्ट दिपेन्द्र कुमार मिश्र (अधिकृत नवौं), ल्याब असिसटेन्ट (चौथो तह) रमेश कुमार मण्डलले Fully Automated Hematolgy Analyzer, Fully Automated Biochemistry Analyzer, Microscope र Reagents को लागि प्राविधिक स्पेशिफिकेशन तयार गरी निर्देशक डा.श्रवण कुमार मिश्र समक्ष पेश गरेको देखिन्छ भनि निज निर्देशक डा.श्रवण कुमार मिश्रले उक्त प्राविधिक स्पेशिफिकेशन स्वीकृत गरेको तथ्य निजहरूको बयान ब्यहोरावाट स्पष्ट देखिन्छ। उक्त ठेक्कामा बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. Mindray कम्पनीको नेपालको लागि एकमात्र आधिकारिक वितरक (Sole Distributor) रहेको, उक्त ठेक्कामा हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. तीनकुने, काठमाडौंले मात्र बोलपत्र सम्बन्धी कागजातसाथ पेस गरेको, प्रयोगशालाले तयार गरेको Fully Automated Hematolgy Analyzer र Fully Automated Biochemistry Analyzer को प्राविधिक स्पेशिफिकेशन Mindray कम्पनीको Fully Automatic Biochemistry Analyzer, Model: Mindray BS-230, Fully Automatic 5 Part Hematology Analyzer Model: Mindray BC-5150 को प्राविधिक स्पेशिफिकेशनसँग हुबहु मिलेको देखिँदा Mindray Company को Fully Automated Bio-chemistry Analyzer, Model: Mindray BS-230 र Fully Automated 5 Part Hematology Analyzer, Model: Mindray BC-5150 को प्राविधिक स्पेशिफिकेशन प्रयोग गरेर नै प्रदेश जनस्वास्थ्य प्रयोगशालाले Fully Automated Hematolgy Analyzer र Fully Automated Biochemistry Analyzer को प्राविधिक स्पेशिफिकेशन तयार गरेको देखिदा निज प्रतिवादीहरुले भ्रष्टाचारजन्य कार्यकसूर तथ्य थप पुष्टि भइको देखिन्छ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामले ठेक्का सम्झौता गर्ने हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. तीनकुने, काठमाडौंका सञ्चालक विशाल पण्डितकी पत्नी सालिन्दा पण्डित सञ्चालक रहेको कस्तुरी ट्रेड लिंक प्रा.लि., काठमाडौं, विशाल पण्डितको ससुरा नारायण प्रसाद पोखरेल संस्थापक रहेको मेडी सोलुसन इन्टरनेशनल प्रा.लि., काठमाण्डौ र विशाल पण्डितको दाजु पुस्कर पण्डितले उदय कुमार कर्ण बिक्री गरेको लाइफलाइन ट्रेड इन्टरनेशनल प्रा.लि., काठमाडौंसँग दररेट लिई लागत अनुमान तयार गरेको देखिदा यि प्रतिवादीहरुले बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.का सञ्चालक विशाल पण्डितसँगको मिलेमतोमा गैरकानूनी लाभ उठाउने बदनियतले पूर्व नियोजित योजना बमोजिम नै एउटै परिवार वा नातेदारहरु कै फर्मबाट दररेट लिई दिई ठेक्का प्रक्रिया अगाडी बढाएको देखिदा निज प्रतिवादीहरुको कार्यतत्ववाट भ्रष्टाचारजन्य कसूर स्थापित हुने तत्व family connection, Conflict of Interest, Collusion, deceptive procurement process समेतको विधमानता रहेको देखिदा देखिदै उक्त तथ्य प्रमाणको सुक्ष्म विवेचना नगरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>उक्त ठेक्काको सम्झौता बमोजिम User Training, Installation & Commissioning को जिम्मेवारी समेत रहेकोमा सो पुरा नगरी प्रयोगशालाका निर्देशक प्रतिवादी डा. श्रवण कुमार मिश्र र वरिष्ठ ल्याव अधिकृत प्रतिवादी उमेश चौधरीले Post Delivery Inspection (PDI) प्रतिवेदन पेस गरेको देखिन्छ। सोही प्रतिवेदनका आधारमा प्रतिवादी उमेश चौधरी, अमर दिप महतो, कर्मशिल प्रसाद गोप, गुणानन्द प्रसाद साह र प्रतिवादी डा. श्रवण कुमार मिश्र आफै आमन्त्रित सदस्य रहेको बोलपत्र मूल्याङ्कन समितिले अगाडि प्रक्रियाका लागि सिफारिस गरी कार्य सम्पन्न नहुँदै मिति २०७९।६।२८ र मिति २०७९।७।१५ गतेको गोश्वरा भौचर नंम्बरहरु क्रमश ३ र ५ बाट कर सहित जम्मा रू.२१,८९,३९,७६०।- (अक्षेरूपी एक्काइस करोड उनानब्बे लाख उनान्चालिस हजार सात सय साठी मात्र) भुक्तानी भएको देखिदा यि प्रतिवादीहरुले सम्झौता, कार्यप्रगति, मापन तथा भुक्तानीका शर्तविपरीत जानाजानी अपूर्ण कामको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रकम भुक्तानी गरी ठेकेदार/आपूर्तिकर्तालाई अनुचित लाभ हुने गरि कार्य गरेको देखिदा देखिदै सो तथ्यलाई नजरअन्दाज गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>स्थलगत अनुगमन तथा निरीक्षणको क्रममा प्राय सम्पूर्ण प्रयोगशालाहरूमा औसतमा दैनिक ४-५ जना बिरामी मात्र परीक्षणका लागि आउने गरेको, आउने बिरामी समेतले CBC, Glucose test जस्ता अत्यन्त सामान्य परीक्षण मात्र गराउने गरेको देखिन्छ। सोही कारण जडान भएका उपकरणहरू हप्तामा १ पटक मात्र सञ्चालन गर्ने गरेको, प्राय सम्पूर्ण प्रयोगशालाहरूमा रिएजेन्टहरू म्याद गुज्रिसकेको अवस्थामा रहेको तर प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मधेश प्रदेशबाट मौखिक आदेश बमोजिम तीनै म्याद गुज्रिसकेका रिएजेन्टहरूको प्रयोग गरी नमूना परीक्षण गरी नतिजा दिइरहेको पाइँदा अधिकांश प्रयोगशालामा प्रदान भएका उपकरण पूर्णरूपमा प्रयोगमा नआई भण्डारण मात्र भएको देखिन आएकोले आवश्यकता पहिचान नगरी खरिद प्रकृया सम्पन्न गरिएको देखिन्छ। खरिद गरिएका Fully Automatic Biochemistry Analyzer, Mindray BS-230 को नमूना परीक्षण क्षमता Up to 200 tests/hour, up to 400 tests/hour with ISE र Fully Automatic 5 Part Hematology Analyzer, Mindray, BC-5150 को नमूना परीक्षण क्षमता 60 samples per hour रहेकोमा कुनै पनि प्रयोगशालामा दैनिक बढीमा १० जना भन्दा बढी बिरामी नहुने हुंदा हाल खरिद गरिएको भन्दा कम क्षमताको उपकरणहरु खरिद गर्दा उपयुक्त हुने अवस्थाको विपरीत आवश्यकता र औचित्यता पुष्टी नहुने गरी अस्वभाविक रुपमा अधिक सङ्ख्यामा उपकरणहरु खरिद भएको देखिन्छ। हाल खरिद गरिएको भन्दा कम क्षमताका उपकरणहरु खरिद गरी वितरण गरिएको भए हाल खरिद गरेको उपकरणले गर्ने बमोजिमकै काम गर्ने, पालिकाहरूको जनघनत्व अनुरूप विद्यमान जनसङ्ख्याको नमूना परीक्षण गर्न यथेष्ट हुने र अर्थ व्यय पनि कम हुने देखियो भन्नेसमेत व्यहोराको आयोगका विज्ञ बायोमेडिकल ईन्जिनियर ताचल निरौलाले पेस गरेको स्थलगत अनुगमन तथा निरीक्षण प्रतिवेदनबाट देखिन्छ। **निज ताचल निरौलाले विशेष अदालत समक्ष बकपत्र गर्दा** उक्त स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन र सो साथ पेश भएको स्थलगत सर्जमिन मुचुल्का लगायतका कागजातहरु म समेतले तयार गरेको हो सोमा उल्लेख भएको व्यहोरा र सही छाप ठिक छ भन्ने समेत व्यहोरा उल्लेख गरि बकपत्र गरेको देखिदा अदालतमा बकपत्रबाट पुष्टि भएको विज्ञको राय तथा प्रतिवेदनलाई प्रमाण ऐन २०३१ कोदफा १० र दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरि फैसला गर्नु पर्नेमा सो प्रमाणको उपेक्षा गरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>तसर्थ, उल्लिखित उपकरणहरू खरिद गर्नु पूर्व त्यसको आवश्यकता सम्बन्धीत पालिकाहरूमा रहे नरहेको वा तत् उपकरणहरूको सदुपयोग उक्त पालिकाहरूमा हुने अवस्था रहे नरहेको विद्यमान कानून बमोजिम पहिचान नै नगरी राज्यलाई हानी नोक्सानी पुग्ने तथा सिमित व्यक्ति/कम्पनीलाई गैरकानुनी फाइदा पुर्याउने प्रयोजनार्थ प्रदेश जनस्वास्थ्य प्रयोगशालामा कार्यरत यि प्रतिवादीहरुले गरेको उक्त खरिद कार्यबाट नेपाल सरकारलाई प्रत्यक्ष नोक्सान र आपुर्ति कर्ता\ वोलपत्रदातालाई प्रत्यक्ष फाईदा पुग्ने स्थिति रहेको तथ्य देखिदा देखिदै सो तथ्यलाई वेवास्ता गरि आरोप दावी बमोजिम सजाय गर्नु पर्ने प्रतिवादीहरुलाई सफाइ हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ८ को उपदफा (१) को देहाय (घ१) मा प्रतिस्पर्धालाई जानी जानी प्रभाव शून्य वा सीमित वा कमजोर बनाउने उद्देश्यले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून प्रतिकुल हुने गरी शर्त तथा मापदण्ड निर्धारण गर्ने, गराउने वा खरिद कार्यलाई टुक्र्याउन लगाउने वा प्याकेजिङ्ग गर्ने गराउने, सोही दफा ८ को उपदफा (१) को देहाय (घ४) मा खरिद योजना स्वीकृत नगरी मेशिन, यन्त्र, उपकरण खरिद गर्ने, सोही दफा ८ को उपदफा (१) को देहाय (घ९) मा सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानून तथा खरिद सम्झौतामा उल्लिखित शर्त, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मापदण्ड र व्यवस्थाको प्रतिकूल हुने कार्य गर्ने गराउनेसमेतको कार्यलाई भ्रष्टाचारजन्य कसुरका रूपमा परिभाषित गरेको देखिन्छ। प्रस्तुत मुद्दामा सार्वजनिक संस्था (प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मधेश प्रदेश) को उल्लिखित खरिद प्रक्रियाको विभिन्न भूमिकामा सम्लग्न राष्ट्रसेवक यि प्रतिवादीहरु र आपूर्तिकर्ता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. एवं उक्त कम्पनीका सञ्चालक समेतका प्रतिवादीहरुले आफूहरुलाई गैरकानूनी लाभ तथा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह लगायतका सार्वजनिक संस्थालाई गैरकानूनी हानी पुऱ्याउने वदनियत राखी जानी जानी गरेको उक्त कार्य गरि बिगो रू.२१,८९,३९,७६०।- (अक्षेरूपी एक्काइस करोड उनानब्बे लाख उनान्चालिस हजार सात सय साठी मात्र) हानी नोक्सानी पुर्याएको तथ्य पुष्टि हुन आएको देखिदा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ञ), दफा १९ को उपदफा (२) र सोही ऐनको दफा २४ बमोजिमको कसूरमा सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>प्रस्तुत मुद्दामा मधेस प्रदेश, सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव इम नारायण श्रेष्ठको हकमा हेर्दा "प्रदेश निदान केन्द्र परिचालन निर्देशिका, २०७८" बमोजिमको काम कार्वाही कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सामाजिक विकास मन्त्रालय तथा उक्त मन्त्रालयका सचिवलाई रहेको देखिन्छ। सोही बमोजिम प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामबाट आ.व.२०७९/०८०मा आह्वान गरिएको ठेक्का नं. PPHL2/G/NCB/01/2079-80 को Procurement of Supply, Delivery and Installation of Equipments and Reagents for Establishment of pathology lab in Municipality को खरिद कार्यमा **तत्कालीन सचिव इम नारायण श्रेष्ठ समेतले** कुन आर्थिक वर्षमा कुन कुन स्थानीय तहका लागि खरिद गरिएको भन्ने नै नछुट्याई, खरिद भएका उपकरण सञ्चालन गर्ने जनशक्ति र स्थान व्यवस्थापन नै नगरी, खरिद गुरुयोजना र पूर्व तयारी विना खरिद कार्य अगाडि बढाई, जनसंख्या र बिरामीको चापको विश्लेषण नगरी कुन क्षमताको उपकरण आवश्यकता पर्ने हो भन्ने वास्तविक आवश्यकताको पहिचान नै नगरी अस्वाभाविक रुपमा बढी क्षमताको उपकरणको लागि स्पेसिफिकेशन तयार गरी/गराई, एउटै परिवार वा नातेदारहरु र व्यापारिक सम्बन्ध भएका फर्मबाट स्वास्थ्य उपकरण मेशिनरी एवं रिएजेन्ट जस्ता सामग्रीको दररेट लिई लागत अनुमान तयार गरी गर्न लगाई उक्त खरिद कार्यको लागत अनुमान स्वीकृत गरेको देखिन्छ। उक्त लागत अनुमान स्वीकृतीको लागि **लेखा अधिकृत नबिन दास र वरिष्ठ स्वास्थ्य प्रशासक मुक्ति नारायण साह**ले टिप्पणी उठाई राय सहित स्वीकृतीको लागि सचिव इम नारायण श्रेष्ठ समक्ष पेश गरेको र सोही स्वीकृत लागत अनुमान बमोजिम बोलपत्र तयार गरी गराई बोलपत्रमा माग भएको उपकरण र संख्या बमोजिमकै उपकरण खरिदको प्रक्रिया अगाडि बढाई बढाउन लगाई आपूर्ती गर्न तयारी अवस्थामा रहेको बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तीनकुने, काठमाडौंसँगको मिलोमतो तथा योजनामा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतका प्रचलित कानूनको प्रतिकुल हुने गरी उक्त ठेक्का सोही कम्पनीलाई दिई सम्झौता गरी गराई जम्मा रू.२१,८९,३९,७६०।- (अक्षेरूपी एक्काइस करोड उनानब्बे लाख उनान्चालिस हजार सात सय साठी मात्र) रकम भुक्तानी गरि नेपाल सरकार सार्वजनिक संस्थालाई नोक्सानी पुर्याएको देखिन्छ यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट मथुरा ढकालसमेत विरुद्ध नेपाल सरकार भएको मुद्दामा "भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैलाई हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुर्याउने मनसायका साथ गरेको थिएन भन्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" भनि ने.का.प. २०७५ अंक ११ नि.नं.१०१४२ मा प्रतिपादित सिद्धान्त समेतको आधारमा निज प्रतिवादीहरुलाई आरोप दाबी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने गरि भएको फैसला त्रुटीपूर्ण देखिदा वदरभागी छ।<br>प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका तत्कालीन निर्देशक डा. श्रवण कुमार मिश्रको हकमा हेर्दा उक्त खरिद कार्यमा निज प्रतिवादी श्रवण कुमार मिश्रले मनासिव कारण बिना खरिद कार्यलाई टुक्र्याई/टुक्र्याउन लगाई कार्यक्रमलाई औचित्य र कारण बिना २ वटा फरक फरक बोलपत्र आह्वान गरेको, खरिद गुरुयोजना र पूर्व तयारी बिना प्रदेश निदान केन्द्र स्थापना हुने सम्बन्धीत स्थानीय तहको जनसंख्या र प्रयोगशालामा हुनसक्ने बिरामीको चापको सम्भाव्यता अध्ययन नगरी प्रयोगशालाका लागि उपयुक्त उपकरणहरूको आवश्यक क्षमता सम्बन्धमा समेत अध्ययन विश्लेषण नगरी खरिद कार्य अगाडि बढाई मनासिब कारण बिना आवश्यक पर्ने भन्दा बढी क्षमताको उपकरणहरू खरिद गरे गराएको, हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. Mindray कम्पनीको नेपालको लागि एक मात्र आधिकारिक वितरक रहेको र उक्त Mindray कम्पनीको Fully Automatic Biochemistry Analyzer, Model: Mindray- BS 230 र Fully Automatic 5 Part Hematology Analyzer, Model: Mindray BC- 5150 उपकरणसँग मात्र प्राविधिक स्पेसिफिकेशन (Technical Specification) मिल्ने गरी Fully Automatic Biochemistry Analyzer र Fully Automatic Hematology Analyzer को प्राविधिक स्पेशिफिकेशन (Technical Specification) तयार गरी/गराई स्वीकृत गरी, सोही हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.का सञ्चालक विशाल पण्डितको पारिवारिक र व्यापारिक सम्बन्ध रहेको फर्महरूबाट मात्र दररेट पेस गर्न लगाई लागत अनुमान तयार गरि गराई बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तीनकुने, काठमाडौं सँगको मिलोमतो तथा योजनामा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतका प्रचलित कानूनको प्रतिकुल हुने गरी उक्त ठेक्का सोही कम्पनीलाई दिई सम्झौता गरी गराई कार्य सम्पन्न नै नभएको अवस्थामा कार्य सम्पन्न भएको भनी प्रतिवेदन दिई दिन लगाई सोही बमोजिम रु.२१,८९,३९,७६०।- (अक्षेरूपी एक्काइस करोड उनानब्बे लाख उनान्चालिस हजार सात सय साठी मात्र) रकम भुक्तानी समेत गरे गराएको देखिदा देखिदै उपरोक्त तथ्य प्रमाणको विवेचना नगरी प्रतिवादीलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपूर्ण देखिदा वदरभागी छ।<br>प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका वरिष्ठ ल्याव टेक्निसियन गुणानन्द प्रसाद साह, ल्याब टेक्नोलोजिष्ट मन मोहन मिश्र र ल्याब टेक्नोलोजिष्ट राम उदगार यादवको हकमा हेर्दा उक्त खरिद कार्यमा यि प्रतिवादीहरुले कुन आर्थिक वर्षमा कुन कुन स्थानीय तहका लागि खरिद गरिएको भन्ने नै नछुट्याई, खरिद भएका उपकरण सञ्चालन गर्ने जनशक्ति र स्थान व्यवस्थापन नै नगरी, खरिद गुरुयोजना र पूर्व तयारी विना खरिद कार्य अगाडि बढाई, जनसंख्या र बिरामीको चापको विश्लेषण नगरी कुन क्षमताको उपकरण आवश्यकता पर्ने हो भन्ने वास्तविक आवश्यकताको पहिचान नै नगरी अस्वाभाविक रुपमा बढी क्षमताको उपकरणको लागि स्पेसिफिकेशन तयार गरी/गराई, एउटै परिवार वा नातेदारहरु र व्यापारिक सम्बन्ध भएका फर्मबाट स्वास्थ्य उपकरण मेशिनरी एवं रिएजेन्ट जस्ता सामग्रीको दररेट लिई लागत अनुमान तयार गरी गर्न लगाई, बोलपत्रमा माग भएको उपकरण र संख्या बमोजिमकै उपकरण खरिदको प्रक्रिया अगाडि बढाई आपूर्ती गर्न तयारी अवस्थामा रहेको बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तीनकुने, काठमाडौंसँगको मिलोमतो तथा योजनामा माथि विवेचना गरिए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतको प्रचलित कानूनको प्रतिकुल हुने गरी उक्त ठेक्का सोही कम्पनीलाई दिई सम्झौता गरी गराई कार्य सम्पन्न नै नभएको अवस्थामा कार्य सम्पन्न भएको भनी प्रतिवेदन दिई दिन लगाई, आपूर्तीकर्ताले सम्झौता बमोजिम काम नै सम्पन्न नगरी भुक्तानी माग भएकोमा Post Delivery Inspection प्रतिवेदन अनुसार Verification गर्दा नमूनाहरु बोलपत्रमा माग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भए बमोजिम देखिएको भनी Supply, Delivery and Installation को कार्यको भुक्तानी प्रक्रिया अघि बढाउन सिफारिस गरे गराएकोमा सोही बमोजिम रु.२१,८९,३९,७६०।- (अक्षेरूपी एक्काइस करोड उनानब्बे लाख उनान्चालिस हजार सात सय साठी मात्र) रकम भुक्तानी समेत गरे गराएको देखिदा निज प्रतिवादीहरु गुणानन्द प्रसाद साह, मन मोहन मिश्र र राम उदगार यादवलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सो प्रमाणको मुल्यांकन तथा विश्लेषण नगरी भएको फैसला त्रुटीपूर्ण देखिदा वदरभागी छ।<br>प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका माइक्रोबायोलोजिष्ट (अधिकृत नवौं) जितेन्द्र कुमार साह, माइक्रोबायोलोजिष्ट (अधिकृत नवौं) अमरेन्द्र कुमार मिश्र, उप-प्रमुख मेडिकल ल्याब टेक्नोलोजीस्ट दिपेन्द्र कुमार मिश्र (अधिकृत नवौं), ल्याब असिस्टेन्ट (चौथौ तह) रमेश कुमार मण्डल, लेखा अधिकृत अमरदीप महतो, ल्याव असिस्टेन्ट कर्मशील प्रसाद गोप र वरिष्ठ ल्याब अधिकृत उमेश चौधरीले उक्त खरिद कार्य गर्दा प्रदेश निदान केन्द्र स्थापना हुने सम्बन्धीत स्थानीय तहको जनसंख्या र प्रयोगशालामा हुनसक्ने बिरामीको चापको सम्भाव्यता अध्ययन नगरी प्रयोगशालाका लागि उपयुक्त उपकरणहरूको आवश्यक क्षमता सम्बन्धमा समेत अध्ययन विश्लेषण नगरी Mindray कम्पनीको नेपालको लागि एक मात्र आधिकारिक वितरक रहेको बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तीनकुने, काठमाडौं र उक्त Mindray कम्पनीको Fully Automatic Biochemistry Analyzer, Model: Mindray- BS 230 र Fully Automatic 5 Part Hematology Analyzer, Model: Mindray BC- 5150 उपकरणसँग मात्र प्राविधिक स्पेसिफिकेशन (Technical Specification) मिल्ने गरी Fully Automatic Biochemistry Analyzer र Fully Automatic Hematology Analyzer को प्राविधिक स्पेशिफिकेशन (Technical Specification) तयार गरी कार्यालय प्रमुख समक्ष पेस गरेको, खरिद गुरुयोजना तथा खरिद पूर्व तयारी बिनाको खरिद कार्यको लागि मनासिब कारण बिना आवश्यकता भन्दा बढी क्षमताको उपकरण खरिदको लागि बोलपत्रदातासँगको मिलेमतोमा निजको पारिवारिक र व्यापारिक नातासम्बन्ध भएको फर्महरूबाट दररेट माग गरी/गराई लागत अनुमान तयार गरे गराएको, सोही बमोजिम बोलपत्र तयार गरी गराई उक्त बोलपत्र बमोजिमको उपकरणहरु आपूर्ती गर्न तयारी अवस्थामा रहेको बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तीनकुने, काठमाडौं सँगको मिलोमतो तथा योजनामा सम्झौता गरी गराई कार्य सम्पन्न नै नभएको अवस्थामा कार्य सम्पन्न भएको भनी प्रतिवेदन दिई दिन लगाई, आपूर्तिकर्ताले सम्झौता बमोजिम काम नै नगरी भुक्तानी माग भएकोमा Post Delivery Inspection प्रतिवेदन अनुसार Verification गर्दा नमूनाहरु बोलपत्रमा माग भए बमोजिम देखिएको भनी Supply, Delivery and Installation को कार्यको भुक्तानी प्रक्रिया अघि बढाउन सिफारिस गरि गराई सोही बमोजिम रु.२१,८९,३९,७६०।- (अक्षेरूपी एक्काइस करोड उनानब्बे लाख उनान्चालिस हजार सात सय साठी मात्र) रकम भुक्तानी समेत गरि गराई नेपाल सरकार सार्वजनिक संस्थालाई हानी नोक्सानी पुर्याएको तथ्य स्थापित भएको छ। यसै सन्दर्भमा "सार्वजनिक निकायमा प्रशासकीय निर्णय टिप्पणीको माध्यमबाट पेश हुने, टिप्पणी सदर गर्ने व्यक्ति नै निर्णयको जिम्मेवार हुने, यसको मतलव आवश्यक कागजात हेरी जाँची टिप्पणी पेश गर्ने, शिफारिस गर्ने व्यक्ति वा पदाधिकारी निर्णय निर्माण प्रक्रिया बाहिर रहन्छ भन्ने नमिल्ने, आफ्नो पदिय दायित्व पुरा गर्ने तर्फ ध्यान नदिई गैर कानूनी कार्य गर्न विभिन्न कोणवाट भुमिका निर्वाह गर्ने निर्णय प्रकियामा संलग्न अन्य व्यक्तिहरुलाई निजहरुको भुमिकाको आधारमा मुख्य अभियुक्त वा मतियारको रुपमा हेरिनु पर्ने" भनि सम्मानित सर्वोच्च अदालतवाट ०७९-CR-१९८० फैसला मिति २०८२।०२।१४ मा प्रतिपादित सिद्धान्त समेतको आधारमा उपरोक्त तथ्य प्रमाणको विश्लेषण गरि फैसला गर्नु पर्नेमा उक्त प्रमाणहरुको मुल्यांकन तथा विश्लेषण नगरी भएको फैसला त्रुटीपूर्ण देखिदा वदरभागी छ।<br>प्रतिवादी हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तिनकुने, काठमाडौं तथा उक्त कम्पनीको सञ्चालक विशाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पण्डितको हकमा हेर्दा हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. तीनकुने, काठमाडौंका सञ्चालक विशाल पण्डितले उक्त खरिद कार्यमा निर्देशक डा. श्रवण कुमार मिश्र समेतका राष्ट्रसेवक प्रतिवादीहरुसँगको मिलेमतो योजनामा कार्यालयले लागत अनुमान तयार गर्न गराउन निज विशाल पण्डितको श्रीमती सालिन्दा पण्डित सञ्चालक रहेको कस्तुरी ट्रेड लिंक प्रा.लि.बाट समेत दररेट पेश गरे गराएको देखिन्छ। साथै प्रतिवादी विशाल पण्डितकै पारिवारिक नातापर्ने र स्वार्थ बाँझिने (Conflict of Interest) व्यक्तिहरु सञ्चालक रहेका फर्महरूबाट दररेट माग गरी गराई लागत अनुमान तयार गरे गराएकोमा उक्त ठेक्का प्रकृयामा हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. तीनकुने, काठमाडौंले लागत अनुमान भन्दा २.४६% (जानी जानी कानूनको उद्देश्य विपरीत प्रतिवादीहरुको मिलेमतोमा बदनियतपूर्ण तवरले कम देखाउनकै लागि मात्र) घटि कबोल अंक पेस गरी ठेक्का प्राप्त गरे गराएको तथ्य देखिन्छ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामबाट ७२ वटा पालिकामा प्रदेश निदान केन्द्र (ल्याब) स्थापना गरी सञ्चालन गर्नको लागि ठेक्का नं. PPHL2/G/NCB/01/2079-80 को लागि बोलपत्रको सूचना मिति २०७९।०४।१७ मा प्रकाशन गरेकोमा राष्ट्रसेवक प्रतिवादीहरुको मिलेमतोमा बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि Mindray कम्पनीको नेपालको लागि एक मात्र वितरक भएकोमा उक्त Mindray कम्पनीले उत्पादन गरेको Fully Automatic Biochemistry Analyzer, Model: Mindray- BS 230 र Fully Automatic 5 Part Hematology Analyzer, Model: Mindray BC- 5150 प्राविधिक स्पेशिफिकेशनसँग मिल्ने गरी Fully Automatic Biochemistry Analyzer र Fully Automatic Hematology Analyzer को प्राविधिक स्पेशिफिकेशन (Technical Specification) तयार गरी/गराई स्वीकृत गर्न लगाएको देखिन्छ। साथै, बोलपत्र सम्बन्धि कागजातमा Supplier Must Accomplish Proper Installation And Commission Of The Equipments On The Site भनी स्पष्ट उल्लेख गरी भुक्तानी पनि Supply, Delivery, Installatiom and Commissioning समेतको भएकोमा कुनैपनि स्थानीय तहमा तिन दिन भित्रमा उक्त उपकरणहरू Supply, Delivery, Installatiom and Commissioning नगरेको देखिएको अवस्थामा समेत हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तीनकुने, काठमाडौंले अन्य प्रतिवादीहरुसँगको मिलोमतो तथा योजनामा माथि विवेचना गरिए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतको प्रचलित कानूनको प्रतिकुल हुने गरी उक्त ठेक्का प्राप्त गरी गराई कार्य सम्पन्न नै नभएको अवस्थामा कार्य सम्पन्न भएको भनी प्रतिवेदन दिई दिन लगाई, सम्झौता बमोजिम काम नै नगरी भुक्तानी माग भएकोमा Post Delivery Inspection प्रतिवेदन अनुसार Verification गर्दा नमूनाहरु बोलपत्रमा माग भए बमोजिम देखिएको भनी Supply, Delivery and Installation को कार्यको भुक्तानी प्रक्रिया अघि बढाउन सिफारिस गरे गराएकोमा सोही बमोजिम रु. २१,८९,३९,७६०।- (अक्षेरूपी एक्काइस करोड उनानब्बे लाख उनान्चालिस हजार सात सय साठी मात्र) रकम भुक्तानी समेत प्राप्त गरि हानी नोक्सानी पुर्याएको देखिदा देखिदै उक्त तथ्य प्रमाणलाई नजरअन्दाज गरि भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरु इम नारायण श्रेष्ठ, डा. श्रवण कुमार मिश्र, नविन दास, मुक्ति नारायण साह, अमर दीप महतो, अमरेन्द्र कुमार मिश्र, कर्मशिल प्रसाद गोप, गुणानन्द प्रसाद साह, उमेश चौधरी, जितेन्द्र कुमार साह, दीपेन्द्र कुमार मिश्र, रमेश कुमार मण्डल, राम उदगार यादव, मन मोहन मिश्र, विशाल पण्डित र हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. समेतलाई आरोप दावीबाट सफाई हुने ठहर गरी भएको विशेष अदलतबाट भएको फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ। |